सिविन–नेपाल
नेपाल बालमजदूर सरोकार केन्द्र
Child Workers in Nepal Concerned Centre

CWIN
For Children, With Children
P.O.Box: 4374, Chunne Bhairab Marga
Rabibhawan, Kathmandu, Nepal
Tel: 977-1-4282255/ 4278064/ 4271062
Fax: 977-1-4278016
Email: cwin@mos.com.np
URL: www.cwin.org.np

मितिः फागुन २९ गते २०८२

## प्रेस विज्ञप्ति

### सुर्खेत घटनाका पिडितलाई न्याय र दोषीमाथि कारवाहीका निम्ति ध्यानाकर्षण

सुर्खेतमा १६ वर्षिय इनिशा विकको जबरजस्ती करणीपछि हत्या भएको घटनाप्रति सिविन–नेपालको गम्भीर ध्यानाकर्षण भएको छ। यस घटनाप्रति बालअधिकारको क्षेत्रमा कार्यरत अग्रणी संस्था सिविन–नेपाल गहिरो दुःख व्यक्त गर्दै दोषीमाथि कानूनसम्मत कारबाहीको माग गर्दछ।

बालबालिका स्वयं संलग्न भनिएका घटनाहरुमा न्यायअनुकुलको हक स्थापना गर्न नेपाल सरकार र सम्बन्धित निकायहरु विशेषरुपमा संवेदनशील भई घटनाको निष्पक्ष र पारदर्शी छानबिन गरी दोषीलाई कारवाही गरिने कुरामा सिविन नेपाल विश्वस्त छ। पीडित परिवारलाई न्याय सुनिश्चित गर्न समेत सम्बन्धित निकायसँग माग गर्दछौं।

बालबालिकामाथि हुने हिंसा कुनै पनि अवस्थामा स्वीकार्य हुन सक्दैन। यस्तो दुखद घटनाले समाज र राज्य दुवैलाई बालबालिकाको सुरक्षा सुनिश्चित गर्न थप जिम्मेवार र सजग बन्नुपर्ने आवश्यकता औंल्याएको छ। प्रत्येक बालबालिकाले सुरक्षित, सम्मानजनक र हिंसामुक्त जीवन बाँच्ने अधिकार राख्छन् भन्ने कुरालाई व्यवहारमा सुनिश्चित गर्न सिविन–नेपाल सबै सरोकारवालालाई गम्भीर हुन आह्वान गर्दछ।

Bhattarai

कुमार भट्टराई

कार्यकारी निर्देशक